# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

आ. व.:२०८१/०८२

**बैठक संख्या :** ०८-२०८१/०८२

**मिति :**२०८१/१०/०३

---

आज मिति २०८१ माघ ३ गते बिहीबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | मिना |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खामुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री नारायण अर्याल | आमन्त्रित | ९८५२६४४६९९ | |
| १७ | श्री हर्क सिंह राई | ४ नं. का. वा. वडा अध्यक्ष | | हर्कसिंहराई |
| १८ | रोशन बहादुर राई | आमन्त्रित | | |

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.:२०८१/०८२**

**बैठक संख्या :** ०८-२०८१/०८२ **मिति :**२०८१/१०/०३

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८१/०९/०५ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : ठेक्का अनुमतीका लागि 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति' बाट अनुमती लिने सम्बन्धमा।

निर्णय ४ : चालू आर्थिक वर्ष २०८१/०८२ मा रोङ गाउँपालिकाको चुरे क्षेत्र भएर बग्ने नदीहरुबाट नदीजन्य पद्दार्थहरु उत्खनन्, संकलन र निकासी गर्ने प्रयोजनका लागि तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन, जिल्ला समन्वय समितिको सिफारिस समेतका आधारमा ठेक्का प्रकृया अघि बढाउने अनुमतीका लागि 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति' समक्ष निवेदन गर्ने।

प्रस्ताव ५ : केही कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय ५ : देहायका कार्यविधिहरु स्वीकृत गर्ने :

(क) रोङ गाउँपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०८१

(ख) रोङ गाउँपालिकाका कर्मचारीहरुको थप सुविधा सम्बन्धी कार्यविधि, २०८१

(ग) रोङ गाउँपालिकाको सार्वजनिक भवन तथा सभाकक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

(घ) रोङ गाउँपालिकाको कृषि तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१

(ङ) रोङ गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०८१

(च) रोङ गाउँपालिको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यविधि, २०८१

प्रस्ताव ६ : तह वृद्धि सम्बन्धमा।

निर्णय ६ : कोशी प्रदेशको 'प्रदेश निजामती सेवा ऐन, २०७९' को दफा ३० को उपदफा (३) अनुसार ज्येष्ठता कायम हुने गरी कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा २७ कोशी प्रदेशको 'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा २७ (१) तथा 'रोङ गाउँपालिका, कर्मचारीको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८१' को दफा ३ (१) बमोजिम देहायका कर्मचारीहरुको तहवृद्धि हुने गरी रोङ गाउँपालिका तह वृद्धि सिफारिस समितिको निर्णय भई आएको हुँदा सो निर्णयलाई अनुमोदन गरी सोही निर्णय बमोजिम तह वृद्धि गर्ने।

देहाय :

| क्र. सं. | कर्मचारीको नाम | कर्मचारी संकेत नं. | साबिक तह | तह वृद्धि | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री दुर्गा चम्लागाई | २३६२१३ | १) पद :आन्तरिक लेखा परीक्षक<br>२) सेवा/समूह : स्थानीय प्रशासन/लेखा<br>३) तह : सहायकस्तर पाँचौं<br>४) कार्यालय : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इलाम | १) पद :आन्तरिक लेखा परीक्षण अधिकृत<br>२) सेवा/समूह : स्थानीय प्रशासन/लेखा<br>३) तह : अधिकृतस्तर छैटौं<br>४) कार्यालय : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इलाम | |
| २ | श्री उर्मिला ढकाल | २०९०६६ | १) पद :सि. अ. न. मि.<br>२) सेवा/समूह : नेपाल स्वास्थ्य/क. न./पब्लिक हेल्थ नर्सिङ<br>३) तह : सहायकस्तर पाँचौं<br>४) कार्यालय : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इलाम | १) पद :सि. अ. न. मि. निरीक्षक<br>२) सेवा/समूह : नेपाल स्वास्थ्य/ क. न./पब्लिक हेल्थ नर्सिङ<br>३) तह : अधिकृतस्तर छैटौं<br>४) कार्यालय : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इलाम | |

| ३ | श्री अमृता राई | २०७९७७ | १) पद :सि. अ. न. मि.<br>२) सेवा/समूह : नेपाल स्वास्थ्य/क. न./पब्लिक हेल्थ नर्सिङ<br>३) तह : सहायकस्तर पाँचौं<br>४) कार्यालय : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इलाम | १) पद :सि. अ. न. मि. निरीक्षक<br>२) सेवा/समूह : नेपाल स्वास्थ्य/ क. न./पब्लिक हेल्थ नर्सिङ<br>३) तह : अधिकृतस्तर छैटौं<br>४) कार्यालय : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इलाम | |
|---|---|---|---|---|---|

प्रस्ताव ७ : विभिन्न व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय ७ : देहायका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहयोग गर्ने (स्रोत : आर्थिक सहायता):

(क) खेलकूद सम्बन्धी आर्थिक सहयोग

| क्र. सं. | संस्था / क्लबको नाम, ठेगाना | सहयोग रकम रु. | सहयोगको संक्षिप्त विवरण |
|---|---|---|---|
| १ | स्वतन्त्र विद्यार्थी यूनियन, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम | २५०००/- | फुटबल प्रतियोगिता सञ्चालन गर्न |
| २ | योङ्ग स्टार फुटबल, रोङ-६ | २५०००/- | फूटबल प्रतियोगिता सञ्चालन गर्न |
| ३ | रेडहर्स फुटबल कल्ब, इलाम | १५०००/- | फूटबल प्रतियोगिता सञ्चालन गर्न |
| ४ | ओएसिस क्लब, इलाम | २५०००/- | फूटबल प्रतियोगिता सञ्चालन गर्न |
| ५ | लसुने फुटबल कल्व, रोङ-३ | २५०००/- | फूटबल प्रतियोगिता सञ्चालन गर्न |
| ६ | खर्कगाउँ फुटबल, रोङ-६ | २५,०००/- | फूटबल प्रतियोगिता सञ्चालन गर्न |
| ७ | अनिसा राई, रोङ-४ | २५,०००/- | फूटबल रेफ्रिको तालिममा जान |

(ख) **बिरामी तथा अन्य आर्थिक सहयोग**

| क्र. सं. | सहयोग गरिनेको नाम, ठेगाना | सहयोग रकम रु. | सहयोगको संक्षिप्त विवरण |
|---|---|---|---|
| १ | जंग बहादुर खुलाल, रोङ-१ | १०,०००/- | मुटु सम्बन्धी समस्याको उपचार गर्न |
| २ | लिला माया खुलाल, रोङ-१ | १०,०००/- | फोक्सो सम्बन्धी समस्याको उपचार गर्न |
| ३ | बुद्धि बहादुर राई, रोङ-१ | २५,०००/- | सडक निर्माणको क्रममा घरमा क्षति भएकोले |
| ४ | माधव प्रसाद घिमिरे, रोङ-१ | १०,०००/- | प्रोस्टेट क्यान्सर भई उपचार गर्न |

| | | | |
|---|---|---|---|
| ५ | भवमाया कुँवार रोङ-५ | १०,०००/- | कलेजो र मिर्गौला सम्बन्धी उपचार गर्न |
| ६ | मनिता राई, रोङ-५ | २०,०००/- | खुट्टा भाँच्चिएर उपचार गर्न |
| ७ | दिनेश लामिछाने, रोङ-२ | २०,०००/- | गंभीर सवारी दुर्घटनामा उपचार गर्न |
| ८ | युवराज ढुङ्गेल, रोङ-२ | १०,०००/- | खुट्टाको नशामा रगत जमेकोले उपचार गर्न |
| ९ | गगन घिमिरे, रोङ गा. पा. | २५,०००/- | फोक्सोमा पानी जमेकोले उपचार गर्न |
| १० | कविता राई, रोङ-२ | २५,०००/- | क्यान्सर रोगको उपचार गर्न |

प्रस्ताव ८ : सवारी साधन मर्मत सम्बन्धमा ।

निर्णय ८ : रोङ गाउँपालिकाको मे १ ब ३६५ नं. को एफ जेड मोटसाइकल मर्मत गर्दा लागेको रकम बिल बमोजिम भुक्तानी दिने ।

प्रस्ताव ९ : निर्देशन समिति गठन सम्बन्धमा ।

निर्णय ९ : 'रोङ गाउँपालिकाको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यविधि, २०८१' को दफा ६ को उपदफा १ अनुसार रोङ गाउँपालिका वडा नं. ६ मा निर्माणाधीन अवस्थामा रहेको सिद्धि हाइड्रोपावर कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व (CSR-Corporate Social Responsibility) सम्बन्धी कार्यको समन्वय, सहजीकरण र निर्देशन प्रदान गर्नको लागि देहाय बमोजिमको निर्देशन समिति गठन गर्ने :

(१) श्री मनि कुमार स्याङ्बो : संयोजक (गाउँपालिका अध्यक्ष)
(२) श्री विष्णुमाया खवास : सदस्य (गाउँपालिका उपाध्यक्ष)
(३) श्री सत्यम राई चौरासे : सदस्य (वडा नं. ६ वडाध्यक्ष)
(४) श्री फुलमाया गोम्देन : सदस्य (वडा नं. ६ महिला सदस्य)
(५) श्री याम प्रसाद अधिकारी : सदस्य (आयोजना क्षेत्रको स्थानीय)
(६) श्री लाखमान ग्रंगदन : सदस्य (आयोजना क्षेत्रको स्थानीय)
(७) श्री भोलानाथ वाईबा : सदस्य (आयोजना क्षेत्रको स्थानीय)
(८) श्री बिरसिंग स्याङ्बो : सदस्य (आयोजना क्षेत्रको स्थानीय)
(९) श्री डम्बर राई : सदस्य (आयोजना क्षेत्रको स्थानीय)
(१०) श्री रन्जित राई : सदस्य (आयोजना क्षेत्रको स्थानीय)
(११) श्री केशर प्रधान : सदस्य (आयोजना क्षेत्रको स्थानीय)
(१२) श्री शोभा राई : सदस्य (आयोजना क्षेत्रको स्थानीय)
(१३) श्री विनोद कुमार चौहान : सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत, रोङ गाउँपालिका)

प्रस्ताव १० : 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' सञ्चालन सम्बन्धमा । ('गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' सँग सम्बन्धित)

निर्णय १० : चालू आर्थिक वर्ष २०८१/०८२ को लागि रोङ गाउँपालिकाको स्वीकृत बजेटमा 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' अन्तर्गत देहाय बमोजिम विनियोजन भएको जम्मा रकम रु. १६,६०,०००|० बाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने :

१. नयाँ उद्यमी सिर्जना (गाउँपालिकाको रु. ५,००,०००/- र सशर्ततर्फ नयाँ उद्यमी सिर्जना शीर्षकको रु. ९,२०,०००/- गरी जम्मा रु. १४,२०,०००/-)

| क्र. सं. | विवरण | परिमाण | ईकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | ४ | स्थान | १०००० | ४०००० | |
| २ | उद्यम विकास तालिम | ४ | पटक | ७४५०० | २९८००० | |
| ३ | प्राविधिक सीप विकास तालिम | ४ | पटक | ४५००० | १८०००० | |
| ४ | प्रविधि हस्तान्तरण | ६० | जना | ५००० | ३००००० | |
| ५ | अनुगमन तथा मूल्याङ्कन | ४ | पटक | ९००० | ३६००० | |
| ६ | उद्यम विकास सहजकर्ता पारिश्रमिक | १३ | महिना | ३५३०६ | ४५८९७८ | |
| ७ | तालिम सहयोगी | ९० | दिन | ९५० | ८५५०० | |
| ८ | उद्यम विकास सहजकर्ता पोशाक भत्ता | १ | पटक | १०००० | १०००० | |
| ९ | उद्यम विकास सहजकर्ता संचार खर्च | १२ | महिना | १००० | १२००० | |
| | | | | जम्मा रु. | १४२०४७८ | |

माथिका कार्यक्रमहरु रोङ गाउँपालिका वडा नं. १ तल्लो खण्ड, वडा नं. ४ कालिटार वडा न. ५ इरौंटार वडा नं. ६ को सलकपुर र पाटापुर गरी ४ स्थानमा संचालन गर्ने।

२. भैरहेका उद्यमीहरुको स्तरोन्नति (सशर्ततर्फ उद्यमीको स्तरोन्नती कार्यक्रम शीर्षकको रु. २,४०,०००/- )

| क्र. सं. | विवरण | परिमाण | ईकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्तरोन्नति तालिम | २ | पटक | ४५००० | ९०००० | |
| २ | एडभान्स तालिम | १ | जना | २४००० | २४००० | |
| ३ | प्रविधि हस्तान्तरण | ३० | जना | ४२०० | १२६००० | |

| | | | |
|---|---|---|---|
| | जम्मा रु. | २४०००० | |

माथिका कार्यक्रमहरु रोङ गाउँपालिका वडा नं. ४ तितुङ्गे र हल्लुडे गरी २ स्थानमा संचालन गर्ने।

प्रस्ताव ११ : गुन्द्रुक उत्पादन प्याकेजिङ तथा ब्रान्डिङ कार्यक्रम संचालन गर्ने सम्बन्धमा। ('कृषि विकास शाखा' सँग सम्बन्धित)

निर्णय ११ : चालू आर्थिक वर्ष २०८१/०८२ मा रोङ गाउँपालिकाको स्वीकृत बजेटको 'गुन्द्रुक सिस्नो उत्पादन प्रवर्द्धन कार्यक्रम' शीर्षकमा रु. ६,००,०००/- मा 'कृषि उत्पादन ब्रान्डिङ प्याकिङ र बजारीकरण सहयोग कार्यक्रम' शीर्षकमा रहेको रु. ५,००,०००/- बाट रु. ३,००,०००/- थप गरी जम्मा रु. ९,००,०००/- बाट 'गुन्द्रुक उत्पादन प्याकेजिङ तथा ब्रान्डिङ कार्यक्रम' संचालन गर्ने।

उक्त कार्यक्रम रोङ गाउँपालिका, वडा नं. ०५, इरौंटारस्थित श्री देवानछाप साना किसान कृषि सहकारी संस्था लिमिटेडसँग कार्यक्रम सम्झौता गरी सञ्चालन गर्ने।

क) प्रस्ताव १२ : फलफूल तथा कफी रोपण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा। ('कृषि विकास शाखा' सँग सम्बन्धित)

निर्णय १२ : रोङ गाउँपालिका, वडा नं. ४ मा रहेको सरस्वती माध्यमिक विद्यालयको जमिन मध्ये ५० रोपनी क्षेत्रफलमा 'प्रधानमन्त्री रोजगार कार्यक्रम' का लागि सूचीकृत भएका श्रमिकहरु प्रयोग गरी स्वीकृत प्राविधिक लागत अनुमान बमोजिम 'वन मार्फत समृद्धि' बाट खर्च हुने गरी फलफूल तथा कफी रोपण कार्यक्रम सञ्चालन गर्ने।

प्रस्ताव १३ : खोरेत नियन्त्रणका लागि 'स्थानीय आयोजना कार्यान्वयन समिति' गठन गर्ने सम्बन्धमा। ('पशु सेवा शाखा' सँग सम्बन्धित)

निर्णय १३: खोरेत रोग नियन्त्रण आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को दफा १८ बमोजिमको कार्य गर्ने प्रयोजनका लागि उक्त कार्यविधिको दफा १७ (१) बमोजिम 'स्थानीय आयोजना कार्यान्वयन समिति' देहाय बमोजिम गठन गर्ने :

देहाय :

| | |
|---|---|
| (क) श्री मनि कुमार स्याङ्बो (गाउँपालिका अध्यक्ष) | : संयोजक |
| (ख) श्री विनोद कुमार चौहान (प्रमुख प्रशासकीय अधिकृत) | : संयोजक |
| (ग) श्री मनोहरि खड्का (१ नं. वडा अध्यक्ष) | : सदस्य |
| (घ) श्री चन्द्र शेखर घिमिरे (२ नं. वडा अध्यक्ष) | : सदस्य |
| (ङ) श्री मात्रिका बराल (३ नं. वडा अध्यक्ष) | : सदस्य |

(च) श्री राज कुमार लाप्चा (४ नं. वडा अध्यक्ष) : सदस्य

(छ) श्री दल बहादुर पुलामी (५ नं. वडा अध्यक्ष) : सदस्य

(ज) श्री सत्यम राई चौरासे (६ नं. वडा अध्यक्ष) : सदस्य

(झ) श्री प्रदीप लुइँटेल (कृषि विकास शाखा प्रमुख) : सदस्य

(ञ) श्री राजन कटुवाल (प्रहरी चौकी प्रमुख,रोङ-४, किटेनी) : सदस्य

(ट) श्री पवित्रा सापकोटा अर्याल (साना किसान कृषक सहकारी संस्था लि., सदस्य) : सदस्य

(ठ) श्री खड्ग चाम्लिङ (रोङ-४ कृषक प्रतिनिधि) : सदस्य

(ड) श्री खेलुना आचार्य (रोङ-३, लामपोखरी, कृषक प्रतिनिधि) : सदस्य

(ड) श्री गणेश भुजेल (संयोजकले तोकेका पशुपंक्षीजन्य उद्योग वा सहकारी संस्थाका प्रतिनिधि) : सदस्य

(ढ) श्री .......................... (संयोजकले तोकेका मासुजन्य उद्योग/व्यवसायीमध्येबाट प्रतिनिधि) : सदस्य

(ण) श्री मिङमा रिन्जी शेर्पा (पशु सेवा शाखा प्रमुख) : सदस्य-सचिव

प्रस्ताव १४ : ब्याज अनुदानमा ल्यापटप खरिद गर्ने सम्बन्धमा। ('शिक्षा, युवा तथा खेलकूद शाखा' सँग सम्बन्धित)

निर्णय १४: रोङ गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी र राहत शिक्षकहरुको लागि ब्याज अनुदानमा बैंकबाट किस्ताबन्दीका रुपमा ल्यापटप खरिदको लागि सूचना आव्हान गरिएकोमा ३५ (पैंतीस) जना शिक्षकहरुले आवेदन दिनुभएकोले सो बमोजिम खरिद प्रकृया अगाडि बढाउने साथै आवेदन दिन छुट रहेको शिक्षकबाट पुनः आवेदन संकलनको लागि पुनः सूचना प्रकाशन गर्ने।

**सूचना प्रविधि शाखाः**

**कम्प्युटर बेसिक हार्डवेयरको तालिम सञ्चालन गर्ने सम्बन्धमा।**

यस गाउँपालिका भित्र रहेको वडा कार्यालय, स्वास्थ्य चौकी र सामुदायिक विद्यालयमा रहेको कम्प्युटर, ल्यापटप, प्रिन्टरहरुमा सामान्य प्राविधिक समस्या आउदाँ नचल्ने वा सेवा प्रभावित हुने र प्राविधिक जनशक्ति कमिले धेरै समस्या परेकोले वडा कार्यालय, स्वास्थ्य चौकी र सामुदायिक विद्यालयमा रहेको जनशक्तिलाई Junior Computer Hardware Technician को तालिम यस गाउँपालिकाको सूचना प्रविधि शाका मार्फत उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

प्रस्ताव १५ : स्थानीय तहमा 'मातृ तथा पेरिनेटल मृत्यू निगरानी तथा प्रतिकार्य (MPDSR) समिति' गठन गर्ने सम्बन्धमा। ('स्वास्थ्य शाखा' सँग सम्बन्धित)

निर्णय १५ : रोङ गाउँपालिकामा देहाय बमोजिम 'मातृ तथा पेरिनेटल मृत्यू निगरानी तथा प्रतिकार्य (MPDSR) समिति' गठन गर्ने :

(१) श्री विष्णुमाया खवास (गाउँपालिका उपाध्यक्ष) :अध्यक्ष
(२) श्री विनोद कुमार चौहान (प्रमुख प्रशासकीय अधिकृत) : सदस्य
(३) श्री मात्रिका बराल (३ नं. वडा अध्यक्ष) : सदस्य
(४) श्री राधिका तामाङ् (महिला तथा बालबालिका शाखा प्रमुख) : सदस्य
(५) श्री युवराज काफ्ले (स्वास्थ्य शाखा प्रमुख) : सदस्य
(६) श्री ............................ (चिकित्सक) : सदस्य
(७) श्री सुनिता लिम्बू : सदस्य-सचिव

प्रस्ताव १६ : विभिन्न कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा। ('स्वास्थ्य शाखा' सँग सम्बन्धित)

निर्णय १६ : रोङ गाउँपालिकाको चालू आ. व. २०८१/०८२ को स्वीकृत बजेटको 'स्वास्थ्य सचेतना, स्वास्थ्य सम्बन्धी दिवस, मासिक बैठक, चौमासिक समीक्षा, तथ्याङ्कको गुणस्तर परीक्षण (RDQA) तथा स्वास्थ्य सम्बन्धी विभिन्न गतिविधिहरु गर्न तथा सशर्त अनुदानका विभिन्न कार्यक्रमहरुमा विनियोजित बजेटमा अपुग भएको बजेट सम्म व्यवस्थापन आवश्यकता अनुसार खर्च गर्न मिल्ने (बास्केट मनी)' शीर्षकमा रहेको रु. ३,५०,०००/- बाट देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्ने :

(क) कुष्ठरोग सम्बन्धी स्वास्थ्यकर्मीहरुलाई १ दिने अभिमुखीकरण कार्यक्रम : रु. ४०,०००/-
(ख) स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली DHIS2 online reporting सम्बन्धी २ दिने क्षमता अभिवृद्धि तालिम : रु. ६५,०००/-
(ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम (सशर्त अनुदान अपुग बजेटमा थप) : रु. ६०,०००/-

प्रस्ताव १७ : इरौंटार स्वास्थ्य चौकीको स्तरोन्नति सम्बन्धमा। ('स्वास्थ्य शाखा' सँग सम्बन्धित)

निर्णय १७ : रोङ गाउँपालिका, वडा नं. ५ मा रहेको इरौंटार स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी आधारभूत अस्पताल बनाउन पहल गर्ने। जसका लागि दरबन्दी, औजार उपकरण तथा अस्पताल निर्माणका लागि आवश्यक DPR निर्माण गरी बजेट व्यवस्थापनको लागि सम्बन्धित मन्त्रालयमा परिपत्र गर्ने।

प्रस्ताव १८ : प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा। ('प्रधानमन्त्री रोजगार कार्यक्रम' सँग सम्बन्धित)

निर्णय १८ : रोङ गाउँपालिका चालू आ. व. २०८१/०८२ को 'गाउँपलिकास्तरिय तथा वडास्तरीय प्रधानमन्त्री रोजगार कार्यक्रम सामाग्री खरिद' शीर्षकमा रहेको रकमबाट रोङ गाउँपालिकाभित्रका सबै वडामा

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पक्की नाली निर्माण, RCC ढलान, विद्यालय घेराबारा लगायतका विभिन्न कार्यक्रम/ योजनाहरुमा बजेट बाँडफाँड गरी प्रविधिक स्टिमेट बमोजिम कार्यान्वयन गर्ने।

प्रस्ताव १९ : सीप विकास तालिम सञ्चालन सम्बन्धमा। ('प्रधानमन्त्री रोजगार कार्यक्रम' सँग सम्बन्धित)

निर्णय १९ : रोङ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (आई.डि.ए.) बजेट श्रोत अन्तर्गतको रकमबाट रोङ गाउँपालिकाको वडा नं. २ र वडा नं. ५ का जम्मा ४० जना सूचीकृत बेरोजगारहरुलाई ५० दिनको सडक मर्मत तथा सम्भार सम्बन्धी सीप विकास तालिम संञ्चालन गर्ने। (जसमा ४० दिन सीप विकास तालिम र १० दिन जीवन उपयोगी तालिम गरी जम्मा ५० दिनको हुने।)

प्रस्ताव २० : रोङ गाउँपालिकाको रोजगार रणनीति तर्जुमा गर्ने सम्बन्धमा। ('प्रधानमन्त्री रोजगार कार्यक्रम' सँग सम्बन्धित)

निर्णय २० : रोङ गाउँपालिकाको रोजगार रणनीति तर्जुमा गर्नका लागि परामर्श सेवा लिने।

प्रस्ताव २१ : Mixture Machine खरिद गर्ने सम्बन्धमा। ('प्रधानमन्त्री रोजगार कार्यक्रम' सँग सम्बन्धित)

निर्णय २१ : रोङ 'प्रधानमन्त्री रोजगार कार्यक्रम सामाग्री खरिद' शीर्षकबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाहरु सञ्चालनका लागि आवश्यक पर्ने २ वटा Mixture Machine खरिद गर्ने।

प्रस्ताव २२ : सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत रोजगार प्रवर्द्धन कार्यक्रम प्रारम्भ गर्ने सम्बन्धमा। ('सुरक्षित आप्रवासन कार्यक्रम' सँग सम्बन्धित)

निर्णय २२ : नेपाल सरकार सर्शत अनुदान र रोङ गाउँपालिकाको साझेदारीमा रोङ गाउँपालिकामा 'सुरक्षित आप्रवासन कार्यक्रम' अन्तर्गत 'रोजगार प्रवर्द्धन कार्यक्रम' सञ्चालन गर्ने र तत्काल जनशक्ति व्यवस्थापन तथा अन्य कार्य प्रारम्भ गर्ने।

प्रस्ताव २३ : समपूरक अनुदान अन्तर्गतका योजनाहरुको बोलपत्र आह्वान गर्दा न्यून कबोल भई बाँकी रहेको रकमबाट पुन बोलपत्र आह्वान गर्ने सम्बन्धमा। ('पूर्वाधार शाखा' सँग सम्बन्धित)

निर्णय २३ : रोङ गाउँपालिकालाई चालू आ. व. २०८१/०८२ मा समपूरक अनुदान मार्फत प्राप्त योजनाहरुको बोलपत्र आह्वान गर्दा न्यून कबोल भई बाँकी रहेको रकमबाट देहाय बमोजिम सोही योजनाहरुका लागि पुन बोलपत्र आह्वान गर्ने :

**देहाय :**

| **क्र. सं.** | ७ नं. गोलाई-मार्से-सिम्ले सडक (संघीय समपूरक) | हर्कटे-दैले-जौबारी-लामिटार सडक (प्रदेश समपूरक) | हाँसपोखरी-मझुवा-बेसीबजार सडक (प्रदेश समपूरक) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| पहिलो ठेक्का सम्झौता रकम | रु. २,३६,३४,७१९।- | रु. ५६,२८,०७४।- | रु. ६१,०३,२९३।- |
| अनुदान रकम | रु. १,५०,००,०००।- | रु. ५०,००,०००।- | रु. ५०,००,०००।- |
| बचेको अनुदान रकम | | | |

प्रस्ताव २४ : दीगो सडक विकास योजनाहरुको प्याकेज बनाई बोलपत्र आह्वान गर्ने सम्बन्धमा।

निर्णय २४ : रोङ गाउँपालिकाको चालू आ. व. २०८१/०८२ को स्वीकृत बजेटमा समेटिएका वडा नं. १ देखि ६ सम्मका दीगो सडक विकास योजनाहरुलाई देहाय बमोजिम ४ वटा प्याकेजमा बोलपत्र आह्वान गरी कार्यान्वयन गर्ने :

देहाय :

(क) वडा नं. १ र २ का सडकहरु : प्याकेज एक

(ख) वडा नं. ३ र ४ का सडकहरु: प्याकेज दुई

(ग) वडा नं. ५ को सडक : प्याकेज तीन

(ग) वडा नं. ६ को सडक : प्याकेज चार

प्रस्ताव २५ : नारायण आ. वि. (रोङ -५) को लागि जस्तापाता खरिदका लागि रकम प्रदान गर्ने सम्बन्धमा।

निर्णय २५ : रोङ गाउँपालिकाको चालू आ. व. २०८१/०८२ को स्वीकृत बजेटमा वडा नं. ५ स्थित श्री नारायण आ. वि. मा जस्तापाता फेर्ने कार्यको लागि विनियोजित बजेट रकम रु. ५०,०००/- ले सो विद्यालयका लागि आवश्यक जस्तापाता खरिद गर्न अपुग हुने भएकोले प्राविधिक लागत अनुमान बमोजिम खर्च हुने गरी थप रु. १४,०००/- रकम विनियोजन गर्ने (श्रोत : लागत साझेदारी )।

प्रस्ताव २६ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको हाल सञ्चालनमा रहेको भवन तथा कृषि विकास र पशु सेवा शाखा रहेको भवनको छानो मर्मत गर्ने सम्बन्धमा।

निर्णय २६ : स्वीकृत प्राविधिक लागत अनुमान बमोजिम रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको हाल सञ्चालनमा रहेको भवन तथा कृषि विकास र पशु सेवा शाखा रहेको भवनको छानो मर्मत गर्ने। (बढीमा रु. ३,८५,०००/- श्रोत : लागत साझेदारी)।

प्रस्ताव २७ : अभिमुखीकरण कार्यक्रमका लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा।

निर्णय २७ : रोङ गाउँपालिकाको वडाध्यक्ष, वडा सचिव र स्वास्थ्यकर्मीहरुलाई 'विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका र कडा रोग उपचार सम्बन्धी निर्देशिका' सम्बन्धी १ (एक) दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न रु. ३०,०००/- रकम व्यवस्थापन गर्ने। (श्रोत : लागत साझेदारी)।

प्रस्ताव २८ : 'रोङ गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा ICT कार्यक्रम' शीर्षकमा रकम थप गर्ने सम्बन्धमा।

निर्णय २८ : रोङ गाउँपालिकाको लागि चालू आ. व. २०८१/०८२ मा संघीय विशेष अनुदान अन्तर्गत 'रोङ गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा ICT कार्यक्रम' शीर्षकमा प्राप्त बजेट रु. १ करोड ४० लाख रहेको र त्यसमा कार्यालयको 'साझेदारी कोष' बाट रु. २०,९८,४४०।८१ थप गरी जम्मा रु. १,६०,९८,४४०।८१ को लागत अनुमान तयार गरी नियमानुसार अनलाईन बोलपत्र आह्वान गरी खरिद प्रकृया अगाडि बढाउने।

प्रस्ताव २९ : पाथीभरा मन्दिरको विभिन्न योजना सञ्चालन गर्ने सम्बन्धमा।

निर्णय २९ : रोङ गाउँपालिका, वडा नं. ३ स्थित पाथीभरा मन्दिरसँग सम्बन्धित देहायका योजना स्वीकृत लागत अनुमानका आधारमा कार्यान्यवयन गर्ने। (श्रोत : लागत साझेदारी)।

देहाय :

(क) पाथिभरा मन्दिरको मातहतमा रहेको भुपाल स्मृति भवनको जस्तापाता परिवर्तन तथा अन्य आवश्यक मर्मत गर्ने।

(ख) कुट्टिडाँडाबाट पाथिभरा मन्दिर जाने मुख्य प्रवेशद्वार निर्माण गर्ने।

(ग) कुट्टिडाँडामा रहेको प्रतीक्षालयमा 'कुट्टिडाँडा/पाथीभरा' लेखिएको सुनौलो र आकर्षक अक्षर टाँस्ने।

ख) प्रस्ताव ३० : आवश्यक बजेट व्यवस्थापन सम्बन्धमा।

निर्णय ३० : रोङ गाउँपालिका, वडा नं. ५ मा रहेको 'सुकेनिन्दा हातिमारा सिंचाई जल उपभोक्ता संस्था' को पाइप लाइनलाई बाढीपहिरोले क्षतिग्रस्त बनाएकोले स्वीकृत लागत अनुमानका आधारमा पहिरो क्षेत्रमा सस्पेन्सन तार लगाउनको लागि आवश्यक बजेट उपलब्ध गराउने। (श्रोत : लागत साझेदारी )

प्रस्ताव ३१ आवास निर्माणको लागि आवश्यक रकम उपलब्ध गराउने सम्बन्धमा।

निर्णय ३१ : रोङ गाउँपालिका, वडा नं. - २ मा रहेको धनसार आधारभूत स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुको लागि निर्माणाधीनरुपमा रहेको आवास भवन सम्पन्न गर्न बजेट रकम अपुग भएकोले स्वीकृत प्राविधिक लागत अनुमान बमोजिम थप रकम उपलब्ध गराउने। (श्रोत : लागत साझेदारी)।

**ग) रकम भुक्तानी गर्ने सम्बन्धमा:**

प्रस्ताव ३२: रकम भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय ३२ : यस गाउँपालिकाबाट विभिन्न मेला महोत्सवमा रोङ कृषि उपजहरुको प्रचार-प्रसार गर्न जाँदाको रकम बिल भरपाईको आधारमा भुक्तानी दिने।(श्रोत : लागत साझेदारी)।

प्रस्ताव ३३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिका अन्तर्गत रहेका सबै सामुदायिक विद्यालयहरुको आ. व. २०८०/०८१ को NSRE 2400 : Review of Historical Financial Statements अनुसार Review गर्ने सम्बन्धमा।

निर्णय ३३: रोङ गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको दोस्रो पक्षले यस रोङ गाउँपालिका, गाउँ कार्यपालिका अन्तर्गत रहेका सबै सामुदायिक विद्यालयहरुको आ. व. २०८०/०८१ को NSRE 2400 : Review of Historical Financial Statements अनुसार गर्नका लागि आर. पि. के. एस. एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्ससँग सम्झौता गरी आन्तरिक लेखा परीक्षण गर्ने।

प्रस्ताव ३४ : कुट्टीडाँडा, हाँसपोखरी र हर्कटे बजार क्षेत्रमा विद्युलाइन व्यवस्थित गर्ने।

निर्णय ३४ : यस गाउँपालिकाको वडा नं. ३ मा रहेको कुट्टीडाँडा, हाँसपोखरी र हर्केटे बजारमा रहेको हाइटेन्सन लाईनलाई व्यवस्थित गर्न सम्बन्धित निकायसमक्ष पहल गर्ने।

प्रस्ताव ३५ : रोङ गीत र लोगो तयार गर्ने प्रयोजनका लागि सूचना आह्वान गर्ने सम्बन्धमा।

निर्णय ३५ : रोङ गाउँपालिकाको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटन लगायतका सम्पूर्ण विशेषताहरु समेटिएको रोङ गीत र रोङ लोगो प्रतिस्पर्धाका आधारमा तयार गर्नको लागि पुनः सूचना प्रकाशन गर्ने। सूचना बमोजिम प्रस्तावका रुपमा पेश हुन आउने रोङ गीत र लोगोहरुको मूल्याङ्कन र छनौट गर्नका लागि गाउँ कार्यपालिकाले विज्ञ सहितको मूल्याङ्कन समिति गठन गर्ने।

प्रस्ताव ३६ : रोङ प्रज्ञा प्रतिष्ठान ऐन तयार गर्ने सम्बन्धमा।

निर्णय ३६ : रोङ गाउँपालिकाभित्रका कला, संस्कृति र सहित्यको उन्नयन गर्नका लागि रोङ रोङ प्रज्ञा प्रतिष्ठान ऐन तयार गर्ने।

प्रस्ताव ३७ : रुख कटान सम्बन्धी जानकारी माग गर्ने सम्बन्धमा।

निर्णय ३७ : रोङ गाउँपालिकाका वडाबाट सिफारिस भई डिभिजन वन कार्यालय, इलामबाट रोङ गाउँपालिका क्षेत्रभित्रका निजी, सामुदायिक वन, धार्मिक वन तथा अन्य वन क्षेत्रका रुख कटान आदेश स्वीकृत भएपछि के-कति रुख कटान भयो भन्ने बारेमा रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका वडा कार्यालयहरुमा जानकारी प्राप्त नहुने गरेकोले प्रत्येक पटक सो को विवरण सहितको जानकारी पठाइदिन हुन भनी डिभिजन वन कार्यालय, इलामलाई पत्राचार गर्ने।

प्रस्ताव ३८ : पूर्व निर्धारित क्षतिपूर्ति लिई योजनाको भुक्तानी दिने सम्बन्धमा।

निर्णय ३८ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिई देहायका योजनाको भुक्तानी दिने :

देहाय :

(१) RRM/ILAM/NCB/WORKS/080/081, Kutidanda Public Toilet, Rong-3 (प्रविन निर्माण सेवा, इलाम-७)

प्रस्ताव ३९ : योजनाको रकम भुक्तानी दिने सम्बन्धमा।

निर्णय ३९ : गाउँपालिकाको वडा नं. ३ र वडा नं. ५ मा सञ्चालन भएको 'हाँस पोखरी-मजुवा-सारुपाखा-मुर्चुङ्गे-नाखोपा-बेसी बजार' (ठेक्का नं. RRM/ILAM/NCB/WORKS/080/81-17) योजना सञ्चालन गर्ने श्री कुन्जीबारी कन्स्ट्रक्सन प्रा.लि., झापाले यस रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयसँगको सम्झौता बमोजिम सम्पूर्ण कार्य सम्पन्न गरेको तर प्राविधिक मूल्याङ्कन बमोजिम भुक्तानी दिनुपर्ने रकममध्ये रु. १,३१,५६५/- (एक लाख एकतीस हजार पाँच सय पैसठ्ठी मात्र) रकम गत आ. व. भुक्तानी दिन बाँकी रहेकोले सो रकम भुक्तानी गर्ने।

प्रस्ताव ४० : योजना संशोधन सम्बन्धमा।

निर्णय ४० : देहायका योजना संशोधन अनुमोदनका लागि गाउँसभाको आगामी अधिवेशनमा पेश गर्ने :

देहाय :

| क्र. सं. | साबिक योजनाको नाम | संशोधन भई कायम हुनुपर्ने योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अभिभावक शिक्षा व्यवस्थापन | शैक्षिक कार्यक्रम सञ्चालन | ५०,०००/- | १ नं. वडातर्फको कार्यक्रम |

प्रस्ताव ४१ : निर्माण संस्थालाई इजाजत दिने सम्बन्धमा।

निर्णय ४१ : रोङ गाउँपालिकाको वडा नं. १ मा स्थापना भएको 'चैनपुरे निर्माण सेवा प्रा. लि.' लाई यस गाउँपालिका कार्यालयको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५' को दफा २ बमोजिम इजाजत पत्र दिने।

प्रस्ताव ४२ : रोङ गाउँपालिकाको जलश्रोत संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०७७ को संशोधन गर्ने सम्बन्धमा।

निर्णय ४२ : रोङ गाउँपालिकाको जलश्रोत संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०७७ को देहाय बमोजिम संशोधन गर्ने :

| क्र. सं. | दफा/ उपदफा/ अनुसूची | भएको व्यवस्था | संशोधन गर्नुपर्ने व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | दफा-१३ संग सम्बन्धीत अनुसुचि-६ | | जलस्रोत उपयोग अनुमति पत्रको ढाचाको वुदा नं. ५ पछि मुहानको अक्षांश र देसान्तर थप गर्ने | नयाँ थप |

| | | | | |
|---|---|---|---|---|
| २ | दफा-१३ संग सम्बन्धीत अनुसुचि-५ | | जलस्रोत उपयोग अनुमति पत्रका लागि दरखास्त ढाचाको वुदा नं. १० पछि मुहानको अक्षांश र देशान्तर थप गर्ने | नयाँ थप |
| ३ | दफा-१३ संग सम्बन्धीत अनुसुचि-४ | | जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्रका लागि ढाचाको वुदा नं. ५ पछि मुहानको अक्षांश र देशान्तर थप गर्ने | नयाँ थप |
| ४ | दफा-१२ संग सम्बन्धीत अनुसुचि-३ | | जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्रका लागि दरखास्त ढाचाको वुदा नं. ५ पछि मुहानको अक्षांश र देशान्तर थप गर्ने | नयाँ थप |
| ५ | परिच्छेद-८ दफा ५४ | | उपदफा (२) अनुसुचि ८ बमोजिम जलश्रोत उपयोग/ नविकरण बापत बुझाउनु पर्ने दस्तुर शुल्क ३ बर्षसम्म नबुझाएमा सो संस्था दर्ता खारेजि गरि गाउँपालिकाको स्वामित्वमा ल्याइनेछ। | |
| ६ | परिच्छेद -६ दफा ४३ | | उपदफा (२) अनुसुचि-८ को सि.न.४ ,५ र ६ बमोजिमका संस्था वा उद्योगले संस्थागत सामाजिक उत्तरदायित्वको काम स्थानीय सरकार सँग समन्वय गरि प्रचलित कानुनको आधारमा संचालन गर्नु पर्ने छ। | नयाँ थप |
| ७ | परिच्छेद -१ दफा २ को द पछि | | संस्थागत सामाजिक उत्तरदायित्व भन्नाले रोङ गाउँपालिका क्षेत्रभित्र रहेको प्राकृतिक श्रोत प्रयोग गरि व्यवसाय संचालन गर्ने संस्था वा कम्पनीले रोङ गाउँपालिकाको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यविधि, २०८१" को अधिनमा रहि संचालन गर्ने संस्थागत उत्तरदायित्व लाई सम्झनु पर्दछ। | |
| ८ | परिच्छेद -३ को दफा ८ संग सम्बन्धीत अनुसुचि ९ थप गर्ने | | परिच्छेद -३ को दफा ८ संग सम्बन्धीत अनुसुचि ९ मा दर्ता प्रमाण पत्रको अभिलेखको ढाचाँ थप गर्ने। | |
| ९ | अनुसुचि ८ मा थप गर्ने | समयमा नविकरण नगरेमा थप दस्तुर | प्रत्येक बर्ष समयमा नविकरण नगरेमा थप दस्तुर | |
| १० | दफा ८ को उपदफा १ मा थप गरी '१ क' बनाउने | | (१. क.) अभिलेख राख्ने उपदफा (१) बमोजिम संस्था दर्ता प्रमाणपत्र जारी गरिसकेपछि अनुसूची ९ बमोजिम दर्ता प्रमाणपत्रको अभिलेख राख्नु पर्नेछ। | |

<u>प्रस्ताव ४३</u> : पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

<u>निर्णय ४३</u> : रोङ गाउँपालिका, वडा नं. - ३ स्थित पाथीभरा क्षेत्रमा आपूर्ति हुने खानेपानीको मोटर चट्याङको कारणले बिग्रिएकोमा सो को मर्मत गर्दा लागेको खर्च बिल बमोजिम 'आर्थिक सहायता' शीर्षकबाट उपलब्ध गराउने।

प्रस्ताव ४४ : फूलबारी डाँडा सडक स्तरोन्नति गर्ने सम्बन्धमा।

निर्णय ४४ : स्वीकृत लागत अनुमानका आधारमा रोङ गाउँपालिका, वडा नं. - ४ मा रहेको फूलबारी डाँडा सडक स्तरोन्नति गर्ने। (श्रोत : लागत साझेदारी)।

प्रस्ताव ४५ : वडा नं. ३ को सडक मर्मत गर्ने सम्बन्धमा।

निर्णय ४५ : रोङ गाउँपालिका, वडा नं. ३ को सडक मर्मत गर्नका लागि स्वीकृत लागत अनुमान बमोजिम बढीमा रु. ४,५०,०००।- खर्च गर्ने (श्रोत : लागत साझेदारी)।

प्रस्ताव ४६ : 'इलामको खोजमूलक ऐतिहासिक सप्तसरोवर काव्य' का सर्जकलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय ४६ : 'इलामको खोजमूलक ऐतिहासिक सप्तसरोवर काव्य' का सर्जक श्री जीवनहरि पोख्रेललाई प्रोत्साहन स्वरुप 'आर्थिक सहायता' शीर्षकबाट रु. ८,४००।- (आठ हजार चार सय रुपैयाँ मात्र) सहयोग गर्ने।

प्रस्ताव ४७ : लोकसेवा तयारीका लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय ४७ : रोङ गाउँपालिका, वडा नं. - ५ का विद्यार्थी लेख बहादुर राईलाई लोकसेवा कक्षा तयारी गर्ने प्रयोजनका लागि 'लोकसेवा तयारीका लागि आर्थिक सहयोग' शीर्षकबाट व्यय हुने गरी रु. १२,०००।- (बाह्र हजार रुपैयाँ मात्र) भुक्तानी दिने।

प्रस्ताव ४८ : कुटीडाँडा डोजोलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय ४८ : सिक्किमको गान्तोकमा मिति : २०८१ माघ १४, १५ र १६ गते हुन लागिरहेको '1st Sikkim Open International Karate Championship' मा रोङ गाउँपालिकाबाट भाग लिने सितोरियो कराँतेका खेलाडीहरुलाई आवश्यक व्यवस्थापन खर्च बापत् रोङ गाउँपालिका, वडा नं. - ३ स्थित कुटीडाँडा डोजोलाई 'आर्थिक सहायता' शीर्षकबाट रु. ३५,०००।- (पैंतीस हजार रुपैयाँ मात्र) भुक्तानी दिने।

प्रस्ताव ४९ : 'गुरु किसान कार्यविधि, २०८०' संशोधन गर्ने सम्बन्धमा।

निर्णय ४९ : रोङ गाउँपालिकाको 'गुरु किसान कार्यविधि, २०८०' लाई समय सापेक्ष, व्यवहारिक र नतिजामुखी बनाई 'गुरु किसान कार्यक्रम' लाई सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएकोले 'गुरु किसान कार्यविधि, २०८०' को परिच्छेद १३ (गुरु किसानको क्षमता विकास तथा सुविधा व्यवस्थापन) को दफा १७ मा देहाय बमोजिम संशोधन गर्ने :

देहायः

दफा १७. (क) प्राविधिक कर्मचारी व्यवस्थापन गर्न सकिने।

*गुरु किसानहरुको क्षमता विकास लागि तालिम संचालन गर्न, अभिलेखीकरण गर्न, नियमित सम्पर्क तथा परिचालन गर्न, तथ्याङ्क व्यवस्थापन जस्ता कार्य गर्नको लागि कृषि वा पशु विज्ञान विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको सहायक चौथो वा सहायक पाचौं तहको एक जना प्राविधिक कर्मचारी गाउँपालिका कार्यालयले करारमा नियुक्ति गरी वा कृषि विकास शाखा/पशु सेवा शाखामा उपलब्ध कर्मचारीलाई गुरु किसान कार्यक्रम सहजकर्ताको रुपमा खटाउन सक्नेछ।*

प्रस्ताव ५० : उद्यम विकास सहजकर्ता नियुक्त गर्ने सम्बन्धमा।

निर्णय ५० : 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' अन्तर्गत नयाँ उद्यमी सिर्जना गर्ने प्रयोजनार्थ उद्यमशीलता विकास तालिम अवधिभरका लागि थप एक जना उद्यम विकास सहजकर्ताको व्यवस्था गर्ने। त्यस्तो जनशक्ति गाउँपालिकाभित्रै उपलब्ध रहेको अवस्थामा निजलाई नै दैनिक ज्यालादारीको हिसाबले काममा लगाउने। निजको आर्थिक सुविधाका लागि 'नयाँ लघु उद्यमी सिर्जना' शीर्षकबाट खर्च व्यहोर्ने।

प्रस्ताव ५१ : 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' को संयोजक तोक्ने सम्बन्धमा।

निर्णय ५१ : 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' सञ्चालनार्थ कार्यालयको कृषि विकास शाखामा कार्यरत श्री प्रदिप लुइँटेललाई संयोजकका रुपमा तोक्ने।

प्रस्ताव ५२ : स्वतन्त्र विद्यार्थी यूनियन, गरुवा बहुमुखी क्याम्पस (माई नगरपालिका) लाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय ५२ : स्वतन्त्र विद्यार्थी यूनियन, गरुवा बहुमुखी क्याम्पस (माई नगरपालिका) को विद्यार्थी हित कोषका लागि रु. २५,०००।- (पच्चीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने।

प्रस्ताव ५३ : 'स्थानीय रोजगार रणनीति' तर्जुमा गर्नका लागि परामर्श सेवा खरिद गर्ने सम्बन्धमा।

निर्णय ५३ : रोङ गाउँपालिकाको 'स्थानीय रोजगार रणनीति' तर्जुमा गर्नका लागि परामर्श सेवा खरिद गर्ने। नेपाल सरकार, सशर्त चालूतर्फको 'स्थानीय तहको रोजगार रणनीति तर्जुमा कार्यक्रम' शीर्षकमा प्राप्त रु. १,००,०००।- र अपुग रकम बढीमा रु.२,००,०००।- कार्यालयको 'लागत साझेदारी' बाट भुक्तानी दिने।

प्रस्ताव ५४ : परामर्शदाता नियुक्त गर्ने सम्बन्धमा।

निर्णय ५४ : रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय भवनमा विद्युत जडान गर्ने सम्बन्धमा परामर्श सेवा दिने, गुणस्तर परीक्षण गर्ने जस्ता कार्य गर्नका लागि परामर्श सेवा खरिद गर्ने। (श्रोत : परामर्श सेवा)।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।

सही :

नाम : विनोद कुमार चौहान

पद : प्रमुख प्रशासकीय अधिकृत